ण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१/०४/१८ गतेका दिन यस फलेवास नगरपालिकाका नगरप्रमुख श्री गंगाधर तिवारीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रहेको छ ।

उपस्थिति:

| | | |
|---|---|---|
| १. श्री गंगाधर तिवारी | प्रमुख | |
| २. श्री शोभाकुमारी क्षेत्री | उप-प्रमुख | |
| ३. श्री कृष्ण प्रसाद आचार्य | नि. सचिव | |
| ४. श्री चोलाकान्त पाध्या | वडाध्यक्ष | |
| ५. श्री गंगा नारायण श्रेष्ठ | वडाध्यक्ष | |
| ६. श्री अर्जुनवहादुर कार्की | वडाध्यक्ष | |
| ७. श्री अच्यूत तिवारी | वडाध्यक्ष | |
| ८. श्री नारायण प्रसाद लामिछाने | वडाध्यक्ष | |
| ९. श्री नविन कुमार श्रेष्ठ | वडाध्यक्ष | |
| १०. श्री केशर पन्त | वडाध्यक्ष | |
| ११. श्री मनवहादुर कुँवर | वडाध्यक्ष | |
| १२. श्री हितमान गुरुङ | वडाध्यक्ष | |
| १३. श्री अमरवहादुर क्षेत्री | वडाध्यक्ष | |
| १४. श्री रुद्रवहादुर पाठक | वडाध्यक्ष | |
| १५. श्री दुर्गाकुमारी शर्मा | कार्यपालिका सदस्य | |
| १६. श्री भगवती पौडेल | कार्यपालिका सदस्य | |
| १७. श्री सावित्रा कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| १८. श्री सुनिता शर्मा | कार्यपालिका सदस्य | |
| १९. श्री कला नेपाली | कार्यपालिका सदस्य | |
| २०. श्री नेत्र वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २१. श्री चन्द्र वहादुर नपाली | कार्यपालिका सदस्य | |
| २२. श्री वावुराम विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २३. श्री गणेश वहादुर रिजाल | का.वा. वडाध्यक्ष (फ.न.पा. ९) | |

Scanned with CamScanner

(पहिलो बैठक)

## फलेवास नगरपालिका, खानीगाउँ, पर्वत
## नगर कार्यपालिकाको बैठक

२०८१/०४/१८

**प्रस्तावहरु:**

१ वार्षिक प्रगति समिक्षा सम्बन्धमा ।

२ आर्थिक वर्ष ०८१।०८२ को दररेट सम्बन्धमा ।

३ कर्मचारी तहबृद्धी सम्बन्धमा ।

४ व्याक हु लोडर र स्काभेटर अपरेटर सहयोगीको पारिश्रमिक सम्बन्धमा ।

५ स्वेच्छिक अवकासमा जान चाहने शिक्षकहरुको प्रोत्साहन रकम उपलव्ध गराउने कार्यविधि सम्बन्धमा ।

६ शहरी शासकीय पुर्वाधार विकास आयोजनाको कार्य सम्बन्धमा ।

७ स्थानीय पाठ्यपुस्तक (हाम्रो फलेवास १-५) छपाई गर्ने सम्बन्धमा ।

८ नगर वास प्लानको तथ्यांक प्रमाणित सम्बन्धमा ।

९ नगरप्रमुखको भारत भ्रमण स्वीकृत गर्ने सम्बन्धमा ।

१० आ.व. ०८१।०८२ का लागि स्थायी कर्मचारीको तलवी भर्पाइ स्वीकृत गर्ने सम्बन्धमा ।

Scanned with CamScanner

(आ.व. २०८१/०८२,दोस्रो बैठक)

## फलेवास नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८१/०४/१८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णयहरु**

१. यस नगरपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुद्वारा सम्पादित कार्यहरुको प्रगति समीक्षाको लागि मिति २०८१ साउन १० गतेभित्र समीक्षा बैठकको आयोजना गर्न कार्यालयलाई निर्देशन गर्ने ।

२. फलेवास नगरपालिकामा आर्थिक वर्ष २०८१/०८२ मा ज्यालादर, निर्माण सामाग्री तथा सेवा परामर्श लगायतका कार्यको वार्षिक दररेट निर्धारणका लागि जिल्ला दररेट निर्धारण समिति पर्वतको आ.व. २०८१/०८२ का लागि स्वीकृत वार्षिक जिल्ला दररेटमा सडक पहुँच पुगेको र नपुगेको अवस्था समेतलाई मूल्याङ्कन गरी नियमानुसार ढुवानी समावेश गरेको जिल्ला दररेटलाई नै सदर गर्ने ।

३. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९, को दफा २४ बमोजिम तह वृद्धि गर्ने सम्बन्धी फलेवास नगरपालिकाको मिति २०८१/०३/३० मा प्रकाशित सूचना बमोजिम तहवृद्धि हुने पदसंख्या एक तह मुनिको तोकिए, बमोजिमको शैक्षिक योग्यता र तोकिए बमोजिमको न्यूनतम सेवा अवधि पूरा गरेका तथा सेवापूर्वक बहाल रहेका विभिन्न सेवा समूहको पाँचौं तहमा कार्यरत कर्मचारीहरुको मिति २०८१/०४/०५ गते देखि जेष्ठता कायम हुने गरी अधिकृत छैटौं तहमा तहवृद्धि गर्नका लागि कार्यालयलाई स्वीकृति प्रदान गर्ने । साथै अन्य तहमा कार्यरत कर्मचारीहरुको अवधि पुगी तहवृद्धि गर्नुपर्नेको हकमा सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने ।

४. यस नगरपालिकामा रहेका एक्साभेटर र ब्याक हु लोडरका अपरेटर तथा सहयोगीहरुको चालु आर्थिक वर्ष २०८१/०८२ को लागि प्रति घण्टा तथा दैनिक भत्ताको लागि आर्थिक वर्ष २०८०/०८१ मा प्रदान गरिएको एक्साभेटर अपरेटरको प्रति घण्टा रु २५५, र ब्याक हु लोडर अपरेटरको प्रति घण्टा रु २५० का दरले अपरेटर भत्ता प्रदान गर्ने साथै दुवै मेसिनका सहयोगीहरुका लागि मेसिन चलेको दिनमा प्रति दिन रु ५०० का दरले सहयोगी भत्ता कायम गरी भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने ।

५. यस नगरपालिकामा कार्यरत स्वेच्छिक अवकाश लिन चाहने विभिन्न तहका शिक्षकहरुको लागि तहगत रुपमा प्रोत्साहन रकम उपलब्ध गराउने सम्बन्धमा स्वेच्छिक अवकाश लिने शिक्षकहरुको प्रोत्साहन रकम निर्धारण कार्यविधि तयार गरी नगर कार्यपालिकाको बैठकमा पेश गर्न सामाजिक विकास समितिलाई जिम्मेवारी दिने ।